# कोरोनाभाइरस (कोभिड-१९) अन्त्येष्टि सहायता

कोभिड-१९ (COVID- 19) महामारीले धेरै परिवारहरूलाई व्याकुल पार्ने शोक ल्याएको छ। फिमा (FEMA) मा, हाम्रो उद्देश्य भनेको विपत्तिभन्दा पहिले, विपत्तिका बेला, र पछि मानिसहरूलाई मद्दत गर्नु हो। हामी भाइरसले गर्दा हुने आर्थिक तनाव र बोझलाई कम गर्ने सहायतामा समर्पित छौं।

**फिमाले जनवरी २०, २०२० पछि हुने कोभिड-१९ सम्बन्धित अन्त्येष्टि खर्चका लागि वित्तीय सहयोग प्रदान गर्दैछ।**



### अन्त्येष्टि सहायताका लागि योग्य ठहर्न, तपाईंले यी सर्तहरू पूरा गर्नुपर्छ:

- मृत्यु अमेरिकी स्वामित्वका भू-भागहरू र, डिस्ट्रिक्ट अफ कोलम्बिया (DC) सहित संयुक्त राज्य अमेरिकामा भएको हुनुपर्छ।
- मृत्युको प्रमाणपत्रले के जनाउनै पर्छ भने कोभिड-१९ मृत्युका
- लागि जिम्मेवार छ वा उक्त रोग यसको कारण हो।
- निवेदक संयुक्त राज्य अमेरिकाको नागरिक, गैर-नागरिक राष्ट्रिय वा योग्य विदेशी हुनुपर्छ, जसले अन्त्येष्टि खर्च जनवरी २०, २०२० पछि गर्नुपरेको थियो।
- मृतक अमेरिकी नागरिक, गैर-नागरिक राष्ट्रीय या योग्य विदेशी हुनुपर्ने कुनै आवश्यकता छैन।

### कुन खर्चहरू क्षतिपूर्तिका लागि योग्य हुनेछन् ?

अन्त्येष्टि सेवाहरू तथा लाश गाड्ने वा दाहसंस्कारका लागि योग्य खर्चहरूका उदाहरण निम्न पर्न सक्छन्, तर यतिमा सीमित हुँदैन:

- मृतकको पहिचान गर्न बढीमा दुई व्यक्तिका लागि यातायात
- अवशेष, खरानी राख्ने बाकस वा कलशको स्थानान्तरण
- समाधिका लागि स्थान वा दाहसंस्कार गर्ने ठाउँ
- मृतकको परिचय लेख्ने वस्तु वा चिहानको टाउकोपट्टि राख्ने पत्थर
- पादरी वा पूरोहित सेवाहरू
- अन्त्येष्टि विधिको व्यवस्था
- अन्त्येष्टि गृह उपकरण वा कर्मचारीको भोगचलन
- दाहसंस्कार वा लाश गाड्ने खर्चहरू
- मृत्युको प्रमाणपत्र धेरैवटा बनाउन लाग्ने खर्च

### फिमालाई मैले कस्ता जानकारी उपलब्ध गराउनुपर्छ ?

निवेदन दिन फिमालाई सम्पर्क गर्नुअघि कृपया तलका जानकारी तयार पार्नुहोस्:

- तपाईंको नाम, सोसल सेक्युरिटी नम्बर, जन्म-मिति, पत्राचार गर्ने ठेगाना र सम्पर्क फोन नम्बरहरू।
- प्रत्येक मृतकको नाम, सोसल सेक्युरिटी नम्बर, जन्म-मिति।
- मृतकको निधन भएको स्थान वा ठेगाना।
- लाश गाड्ने तथा दाहसंस्कार बिमा, चन्दाहरू, स्वैच्छिक निकायहरू, अन्य सरकारी कार्यक्रमहरू वा गैरनाफामुलक संगठनहरूलगायत अन्य स्रोतहरूबाट पहिले नै प्राप्त गरिएको कुनै पनि सहायताको कागजात र रसिदहरू।
- यदि तपाईं र अर्को व्यक्ति, दुवैले एउटै मृतक (हरू) को अन्त्येष्टि खर्च गर्नुपर्ने भयो भने तपाईंले निवेदनमा उहाँको नाम, सोसल सेक्युरिटी नम्बर र जन्म-मिति समावेश गरी उहाँलाई सह-निवेदकका रूपमा राख्न सक्नुहुन्छ।

### मैले कसरी यो सहायताका लागि निवेदन दिनुपर्छ ?

**फिमाको कोभिड-१९ अन्त्येष्टि सहायता हेल्पलाइनको निम्न फोनमा सम्पर्क गर्नुहोस्**
१.८४४.६८४.६३३३
(बहिरा तथा श्रवणशक्ति कमजोर व्यक्तिका लागि: ८००.४६२.७५८५)
बिहान ९ देखि राती ९ बजेसम्म, सोमबारदेखि शुक्रबार र निवेदन प्रक्रिया शुरू गर्नुहोस्।

**तपाईंको निवेदनपछि छिटो सेवा पाउन कागजातहरू** Disasterassistance.gov **अनलाइनमार्फत वा फ्याक्स नम्बर ८५५.२६१.३४५२ मा पेश गरेर निवेदन प्रक्रिया सुरू गर्न सक्नुहुनेछ।**
कागजातहरू निम्न ठेगानामा पनि पठाउन सकिन्छ:

COVID-19 Funeral Assistance
P.O. Box 10001
Hyattsville, MD 20782

### पटकपटक सोधिने प्रश्नहरू

**तपाईंले निम्न अनलाइनमा हेर्न सक्नुहुन्छ:**
FEMA.gov/funeral-assistance/faq.
टेलिफोन तथा वेबसाइट दुवैमा विभिन्न भाषाहरूमा जानकारी प्रदान गरिन्छ।

FEMA